कर्णाली प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रुकुम (पश्चिम)

प.सः-२०८०-०८१(वन व्यवस्थापन) कार्यालय कोडः-३०७०२५९०१६ च.नः-

# काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

<u>*सुचनाप्रकाशन मितिः२०८०/०९/१८*</u>

यस कार्यालयमा वन कसुर सम्बन्धी मुद्दामा अदालतबाट जफत भएका, बेवारिसे अवस्थामा जफत भएका र जोखिमयुक्त रुख हटाउदा प्राप्त भएका तपसिलमा उल्लेखित जात र परिमाणका काठ दाउरा लिलाम प्रक्रिया द्धारा बिक्री बितरण गर्नु पर्ने भएकोले उक्त काठ दाउरा जे जस्तो अबस्थामाछ, सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ। ईच्छुक ब्यक्ती/फर्म/संस्था तथा काठ ब्यवसायीहरुलेमिति२०८०/०९/१८गते गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रत्येक लटको छुट्टाछुटै रितपूर्वकको गोप्य सिलबन्दी बोलपत्र फाराम पेश गर्नु हुन आह्वान गरिन्छ ।

**तपसिल**

**१. लिलामबिक्री हुने वन पैदावारको विवरणः**

| सि.नं. | लट नं. | जात | किसिम | थान | चिरानी परिमाण (क्यु. फि.) | गोलियामा परिणत गर्दा परिमाण (क्यु.फि.) | मुल्यांकन रकम न्युनतम रु. | मुल्यांकन रकम (ढुवानी, लोडअनलोड, सुचना खर्च), | घाटगद्दी स्थान | सूचना प्रकाशन पटक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | १ | खोटे सल्लो | गोलिया | ५ | — | १२९.९ | ५६८४०/ | १५,०००/ | चौफा सव-डि.व.का. कम्पाउण्ड | दोस्रो |
| | | | चिरानी | ३४ | २३.१५ | ३२.४१ | | | | |
| २ | २ | लाकुरी | गोलिया | १९ | — | ११४.४ | ११,४५६/ | — | मु.न.पा. ०७ साँख | दोस्रो |
| | | | दाउरा चट्टा | | ०.२५ | | १,०००/ | | | |
| ३ | ३ | पिपल | गोलिय | १८ | — | ८१.४९ | १२,९६७/८० | — | मु.न.पा. ०५सेरीगाँउ | दोस्रो |
| | | | चिरानी | ७ | ३४.४२ | ४८.१८ | | | | |
| | | | दाउरा चट्टा | | ०.१८ | | ७२०/ | | | |
| ४. | ४ | खोटे सल्लो | गोलिया | ७ | — | ६९.४७ | २४,३१४/५० | १२,०००/ | चौफा सव-डि.व.का. | तेस्रो |
| ५. | ५ | खोटे सल्लो | गोलिया | २४ | — | ७०.६८ | ४१६०१/ | १२,०००/ | डि.व.का. | प्रथम |
| | | | चिरानी | १४ | ३४.४२ | ४८.१८ | | | | |

**२) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समयः**

का.मु.डिभिजनल वन अधिकृत

कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रुकुम (पश्चिम)


प.सः-२०८०-०८१(वन व्यवस्थापन) कार्यालय कोडः-३०७०२५९०१६ च.नः-

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति :२०८०/१०/०३गते दिनको ४:०० वजे सम्म ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८०/१०/०४गते दिनको १२:० वजेसम्म ।

ग)बोलपत्र खोलिने मितिं २०८०/१०/०४गते दिनको ३:३० वजे ।

३. बोलपत्र डिभिजन वन कार्यालय, रुकुम पश्चिमवाट खरिद गरी दाखिला गर्न सकिनेछ ।

४. बोलपत्र साथ धरौटी वाफत कबोल अंकको १०% ले हुन आउने रकम बोलपत्र खरीद गरेको कार्यालयको प्रदेश लेखा ईकाइ कार्यालयको धरौटी खातामा नम्बर ०७७२०००००२००३००००००१खर.३ (डिभिजन वन कार्यालयको कोड नम्बर ३०७०२५९०१६) मा जम्मा गरेको सक्कलै भौचर समावेश हुनु पर्नेछ ।

५ वैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तीमा ६ महिना सम्मको लागि हुनु पर्ने छ ।

६. बोलपत्र फारम वाफत प्रति लट रु.३००।- (पछि फिर्ता नहुने गरी) यस कार्यालयको आर्थिक प्रसासन शाखामा तिरी वोलपत्र खरीद गर्न सकिने छ। र बोलपत्रखरिदको लागि राजश्व खाता नम्बर २७५०२००००००१००१०००००१(डिभिजन वन कार्यालयको कोड नम्बर ३०७०२५९०१६)राजश्व शिर्षक नम्बर १४२२९ मा जम्मा गर्नु पर्नेछ ।

७. लिलाम बढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र डि.व.का. र चौफा सव डि.व.काको कम्पाउन्ड तथा मु. न.पा.मा रहेको घाटगद्दी स्थलमा कार्यालय समयमा गई हेर्न सकिनेछ ।

८.लिलाममा भागलिने इच्छुक काष्ठ व्यवसायी, संघ संस्था, फर्म वा कम्पनीका प्रोपाइटरले नेपाली नागरिकताप्रमाण-पत्रको प्रतिलिपी, करदाता प्रमाण-पत्रको प्रतिलिपी, मूल्य अभिवृद्दि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपी र स्थायी लेखा नं.(PAN NO.) दर्ता प्रमाण-पत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

९. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका शिलबन्दी बोलपत्र मिति २०८०/१०/०४गते दिनको ३:३० बजे साँक्षीहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । सो दिन सार्वजनिक बिदा परे सो को भोलिपल्टही समयमा खोलिने छ ।

१०. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्यअभिवृद्धिकर तथा कटान मुछान, लोड अनलोड र ढुवानी, खर्च समेत वुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्ने छ ।

११. बोलपत्र सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१२. बोलपत्रमा सहभागीहुन चाहाने इच्छुक काष्ठ व्यवसायी, संघ संस्था, फर्म वा कम्पनीहरुले आ.व २०७९।८० को कर चुक्त,प्रमाणपत्र तथा २०७९।८० सम्मको फर्म नविकरण प्रमाण पत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ।

१३. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस कार्यालयको अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ ।

२०८०।०९।१८

का.मु.डिभिजनल वन अधिकृत